कीर्तिपुरको चित्रण

कीर्तिपुर सन्देश

साप्ताहिक

KIRTIPUR SANDESH WEEKLY

वर्ष १ अंक ४४ ने. सं. ११३२ तछलाथ्व नवमी बुधवाः २०६९ जेठ १७ गते बुधवार (May - 30, 2012) मुल्य : ५/- (न्यातका)

'जनजातिहरूलाई अधिकार नदिन षडयन्त्र संविधासभा भंग'

२१ गते देशभरी भण्डाफोर सभा

कीर्तिपुर सन्देश /

जातीय पहिचानको आधारमा राज्य पुनर्संरचना गर्नुपर्ने, समानुपातिक निर्वाचन प्रणाली लगायतका माग राखि आन्दोलन गर्दै आएका आदिवासी जनजातिहरूको साझा मोर्चा आदिवासी जनजाति संयुक्त संघर्ष समितिले आउदो जेठ २१ गते आइतवार देशभरी भण्डाफोर सभा गर्ने भएको छ।

गत जेठ १४ गते राती १२ बजे सम्म पनि बैठक नै नबसी संविधानसभा भंग भएको नेपालका आदिवासी जनजाति, मधेसी तथा र ाज्यद्वारा बहिस्करणमा पारिएका समुदायलाई अधिकार दिनु पर्ला भनी ब्रम्हणवादी शीर्ष नेताहरूले षडयन्त्र गरेको ठहर गर्दै आदिवासी जनजाति संयुक्त संघर्ष समितिले भण्डाफोर सभा गर्न लागेको हो।

हिजो मंगलवार बसेको आदिवासी जनजाति संयुक्त संघर्ष समितिको बैठकले सो निर्णय गरेको हो।

पछिल्लो समयमा आदिवासी जनजातिहरूले गरेको आमहडताल र आन्दोलनका कारण आदिवासी जनजाति राष्ट्रिय शक्तिको रुपमा स्थापित भएको ठहर गदै बैठकले जेठ २१ गते प्रस्तावित नेवाः राज्यको हकमा केन्द्रीकृत रुपमा ललितपुरको मंगलवजारमा भण्डाफोर सभा गर्ने र उपत्यका बाहिर प्रत्येक जिल्लामा जिल्ला स्तरीय भण्डाफोर सभा गर्ने निर्णय गरेको बताइएको छ।

जनजातिहरूको सो बैठक पछि आदिवासी जनजाति संयुक्त संघर्ष समितिका सचिवालय संयोजक परशुराम तामाङद्वारा जारी प्रेस विज्ञप्तिमा आदिवासी जनजातिहरूको हक अधिकारका लागि आन्दोलन जारी रहेको कुरा उल्लेख गरिएको छ।

सो विज्ञप्तिमा एकल जातीय पहिचानको आधारमा राज्य पुनर्संर चना गनुपर्ने, राज्यको प्रत्येक अंगमा समानुपातिक प्रतिनिधित्व हुनुपर्ने, जातीय जनसंख्याको आधारमा समानुपातिक समावेशी निर्वाचन प्रणाली लागू हुनुपर्ने, आदिवासी जनजातिलाई अन्तर्राष्ट्रिय कानुनले समेत दिएको जातीय स्वायत्तता, स्वशासन र आत्मनिर्णयको अधिकार हुनपर्ने लगातयतका माग राखी आन्दोलन जारी राख्ने कुरा उल्लेख गरिएको छ। सो मोर्चामा नेवाः स्वायत्त राज्य मंकाः संघर्ष समिति, नेपाल आदिवासी जनजाति महासंघ लगायत आदिवासी जनजातिका ५७ वटा संघ संगठन र राजनीतिक दलका जातीय मोर्चाहरू आबद्ध रहेका छन्। यसै वीच आदिवासी जनजातिहरूले अव आफूहरूको हक अधिकारका लागि राष्ट्रिय शक्तिको रुपमा स्थापित गर्न आवश्यक रणनीति बनाउने साथै आवश्यकता भयो भने आदिवासी, जनजाति, मधेसी र राज्यद्वारा बहिस्करणमा परिएका समुदायको संयुक्त मोर्चा अथवा पार्टी बनाउने विषयमा पनि छलफल भएको बताइएको छ।

नेवाः मंकाः परिषद् कीर्तिपुरद्वारा सचेत रहन आग्रह

नेवाः स्वायत्त राज्यको लागि कीर्तिपुरमा आन्दोलनको नेतृत्व गर्दै आएको नेवाः स्वायत्त राज्य मंकाः परिषद् कीर्तिपुरले एक विज्ञप्ति जारी गरी नेवाः स्वायत्त राज्यको लागि सम्पूर्ण कीर्तिपुरवासीलाई सचेत रहन आग्रह गरेको छ।

जेठ १४ गते आदिवासी जनजाति र राज्यद्वारा बहिस्करणमा पारिएका समुदायलाई हक अधिकार दिनुपर्ने अवस्था आएका कारणले ब्राम्हणवादी नेताहरूको षडयन्त्रका कारण संविधानसभा भंग भएको ठहर गर्दै अब मुलुकमा नयाँ परिस्थितिमा आएको र फेरी पनि आदिवासी जनजाति र नेवाः समुदाय विरुद्ध षडयन्त्र हुन सक्ने कुरा उल्लेख गर्दै मंकाः परिषद्ले नेवाः स्वायत्त राज्य, समानुपातिक प्रतिनिधित्व, जातीय स्वायत्तता, स्वशासन र आत्मनिर्णयको अधिकारका लागि जुनसुकै बेलामा पनि आन्दोलन गर्नुपर्ने अवस्था आउन सक्ने कुरा उल्लेख गर्दै सचेत रहन आग्रह गरिएको छ। साथै नेवाः स्वायत्त राज्यका लागि कीर्तिपुरवासी एकताबद्ध भइ अघि बढ्न समेत अनुरोध गरिएको छ।

दर्शनको बम्पर उपहार

नयाँ वर्ष २०६९ को आगमनसँगै यस सहकारीमा खाता खोल्ने ग्राहकलाई विभिन्न उपहारको व्यवस्था गरिएको सहर्ष जानकारी गराउँदछौं।

दैनिक वचत———

रु. १०००/- MSI Laptop
रु. ८००/- 22 inch LCD TV
रु. ६००/- Semi Automatic Washing Mechine
रु. ५००/- 190 Ltr. Refrigirater
रु. ४००/- 21 inch Color TV
रु. ३००/- Nokia C 200 Mobile
रु. २००/- Karbon K-9 Mobilse
रु. १००/- Beetal GD 310 Mobile

नोट :

एक महिनाको बचत जम्मा गर्नेलाई वा दैनिक रुपमा एक महिनासम्म बचत गर्नेलाई उपहार प्रदान गरिन्छ।

दर्शन बचत तथा ऋण सरकारी संस्था

नयाँबजार, कीर्तिपुर-३ फो.नं. ४३३६७७६

तपाईको फ्रिज विग्रेको छ भने घर मै आई बनाई दिनेछु

सम्पर्क

संजय चौधरी

फोन नं ९८४९६०९१५९

एम.आर.टेलरिङ्ग सेन्टर

कीर्तिपुर सपिङ्ग सेन्टर

नयाँबजार, चोक

सर्टिंग, सुटिंग, शर्त, पाइन्ट सफारी सूट सिलाउनको लागि सम्पर्क राख्नु होला

मोबाईल ९८४१४८७३०७

कानुनी सल्लाहकार
ज्ञानबहादुर महर्जन
प्रकाशकः
नजरराम महर्जन
सम्पादक
श्रीकृष्ण महर्जन
प्रवन्धक
निरजमान सिंह

व्यवस्थापन
भरत महर्जन, सनम श्रेष्ठ
फोटो पत्रकार
नविन जोशी
प्रेसः शर्मीला प्रिन्टर्स, डल्लु, काठमाण्डौं
कार्यालयः निखासी टोलः कीर्तिपुर नपा-३
फोन नं.: ४३३३००७,
९८४१४०१०७७
kirtipur_sandesh@live.com

काठमाण्डौं जि. प्र. का दर्ता नं. २११ –२०६७/०६८

सम्पादकीय

एमालेमा ठूलो संकट

गत जेठ १४ गते राती १२ बजे सम्म पनि संविधानसभाको बैठक नै नबसी जननिर्वाचित एक मात्र अंग संविधानसभा विघटन भएपछि नेपालको राजनीतिमा ध्रुविकरण भएको छ । यसै वीच सरकारले घोषणा गरेको मंसीर ७ गते हुने अर्को संविधानसभाको चुनावको विषयमा पनि दलका नेताहरू तिव्र रूपमा विवाद हुँदै आएको छ । अहिलेको ध्रुविकरणमा एउटा पक्षको नेतृत्व एकीकृत माओवादीले र अर्को पक्षको नेतृत्व कांग्रेसले गर्ने अवस्था आएको छ । मूल रूपमा यो ध्रुविकरणमा पहिचानको आधारमा संघीयताको पक्ष र संघीयता विरोधीको पक्ष हुने अवस्था आएको छ ।

माओवादीले पहिचानको आधारमा राज्य पुनर्संरचनाको पक्षमा रहेका संघीयतावादी राजनीतिक शक्तिको नेतृत्व गर्ने र कांग्रेसले पहिचान विरोधीदेखि संघीयता विरोधीहरूको समेत नेतृत्व गर्ने अवस्था आएको छ । राजनीतिमा ध्रुविकरणका लागि यी दुई पक्षले आ–आफ्नो ढंगले तयारी गरेको अवस्था छ । अबका दिनमा कसरी अगाडि बढ्ने भन्ने विषयमा भोलीका दिनमा अवश्य पनि थाहा पाउन सकिने छ ।

संविधानसभा भंग भएपछिको राजनीतिक घटनाक्रमका क्रममा एकीकृत माओवादीका बरिष्ठ उपाध्यक्ष मोहन बैद्य किरण विचार समूहको तर्फवाट पनि अलग्गै ढंगवाट आफ्ना गतिविधि संचालन गर्न सकिने अवस्था रहेको नकार्न सकिन्न । तर यो घटनाक्रमले भने विशेष गरि नेकपा (एमाले)लाई ठूलो समस्या ल्याई दिएको छ । एमालेका आदिवासी जनजाति, मधेसी र राज्यद्वारा बहिस्करणमा पारिएका समुदायका नेताहरुले राजीनामा दिने सुरू गरेको छ । एमालेका उपाध्यक्ष अशोक राईदेखि पासाङ शेर्पाले समेत राजीनामा दिएको समाचारहरू आएका छन् । त्यसैले यो अवस्थामा एमालेलाई नै सबैभन्दा ठूलो संकट सृजना भएको छ ।

यो पनि हेरौं है बाहुन पत्रकारिता

–मिलन बगाले

कान्तिपुरका सम्पादक सुधीर शर्मा । नागरिक- किशोर नेपाल । अन्नपूर्ण पोष्ट- जिवेन्द्र सिम्खडा । नयाँ पत्रिका- कृष्णज्वाला देवकोटा । समाचारपत्र-कपील काफ्ले । हिमालय टाइम्स- अजयभद्र खनाल । हिमाल-किरण नेपाल । नेपाली टाईम्स- कुन्द दिक्षीत । नेपाल साप्ताहिक- प्रशान्त अर्याल । बाहुनै बाहुन । सबका सब लामनाके । तागाधारी । पुरुष । यिनीहरुले आदिवासी जनजातिको समाचार किन दिन्छ ?

टिभीतिर पनि त्यस्तै । कान्तिपुर टिभीका समाचार सम्पादक तीर्थ कोईराला । कार्यकारी निर्माता भूषण दाहाल । ईमेज च्यानलका समाचार हाकीम महेन्द्र विष्ट । नेपाल टेलिभिजनमा राजेन्द्रदेव आचार्य । एफएमतिर , अनलाईनतिर, यत्रतत्र बाहुनैबाहुन । हुँदाहुँदा विविसी नेपाली सेवाका हाकीमदेखि आर आर क्याम्पसका विभागीय प्रमुखसम्म लामनाकेकै हालीमुहाली । थेप्चे र नेप्टेको कतै नामोनिशान छैन ।

नेपाल पत्रकार महासंघलाई आदिवासी जनजाती महासंघका महासचिव आङकाजी शेर्पाले बैशाख ७ गते 'ब्राम्हण पत्रकार महासंघ' भनेका छन । अध्यक्ष शिव गाउँले । गाउँले बाहुनको थर होइन । तर यिनको नाक चुच्चो छ । पक्कै बाहुन हुन यिनी । उपाध्यक्ष यशोदा तिम्सिना । महासचिव ओम शर्मा । सचिव जगत नेपाल । कोषाध्यक्ष शितल शाह । शाहजी केजातका हुन, मेसो भएन । सदस्यमा ११ जना बाहुनबन्धु । एकाध क्षेत्री, विश्वकर्मा, मधेसी, राई र घलेले सदस्य बन्ने भाग्य पाएका रहेछन । हरे, बाहुनै बाहुन मात्रै रैछन महासंघमा पनि ।

जातीय सद्भावः भ्रम र वास्तविकता

– नहेन्द्र खड्का –

नेपाल यतिबेला अग्रगमन र पश्चमगमनको दोसाँधमा उभिएको छ । विगत २४० वर्षदेखि निरन्तर रुपमा नेपाली जनतालाई चरम शोषण, दमन र अत्याचार गर्दै आएको शाही राजतन्त्रको अन्त्य भई देशमा संघीय लोकतान्त्रिक गणतन्त्र स्थापित भए पनि देशबाट सामन्तवादको अन्त्य भएको छैन । यो देशका विभिन्न संयन्त्रहरू, मानिसहरूको सोच, विचार र चिन्तनमा सामन्तवाद, एकात्मक सोच र बाहुनवादी संकीर्णता अद्यावधि बहाल छ ।

पूर्वराजा ज्ञानेन्द्र एवं विगतमा उनलाई दाम राखेर ढोग्ने र उनले खाएर छोडेको जूठोपुरोमा रमाउनेहरूको एउटा पंक्ति अझै पनि यो देशमा राजतन्त्र पुनस्थापना गर्ने सपना देखिरहेको छ । उनीहरू कुनै पनि हातलमा संविधान बन्न र शान्ति प्रक्रियालाई पूरा हुन नदिने, संविधानसभालाई विघटन गर्ने र राजतन्त्र हटाएको संविधानसभा विघटन भएपछि राजतन्त्र स्वतः पुनस्थापित हुने सपना देखिरहेका छन । उनका ढोके र बैठकेहरूले यस्तै सरसल्लाह दिइरहेका होलान ।

यथार्थमा यो देशमा अब राजतन्त्र स्थापित हुने कुनै अवस्था छैन । जनताले बरु परिवर्तन विरोधी संसदवादी नेताहरूलाई आफ्नै तरि काले दण्डित गर्लान तर राजतन्त्र फर्काउन साथ दिनेछैनन । कथंकदाचित संविधानसभा विघटन नै भए पनि राजतन्त्रको पुनर्स्थापना सम्भव छैन । यो आजको ध्रुवसत्य हो । अर्को कुरा, उनले बलजफ्ती कुनै प्रयत्न गरेर र त्यो सफल नभएमा जुन क्षति हुन्छ, त्यो उनी र उनको परिवारले एक्लै बेहोर्नुपर्नेछ । हिजो अनावश्यक चकचक गर्दा के भयो ? उनको स्मृतिमा होला । तर त्यतिबेला धेरै ठूलो केही भएको थिएन । केवल नारायणहिटीबाट नागार्जुनतिर डेरा सर्नु परेको हो । भोलि यति सहज नहुन सक्छ । त्यसैले पूर्वराजा र उनका आसेपासेले ज्यादा चकचक नगरेको राम्रो हो । होइन भने 'चकचकेको पुट्ठोमा डाम' पर्ने निश्चित छ । पुट्ठोमा डाम मात्रै होइन आँधी आएको बेला उत्ताउलो भएर धेरै चकचक गर्दा त पुट्ठै नरहन पनि सक्छ ।

केही मण्डले र माओवादी विरोधी हिस्टेरियाले ग्रस्त केही बाहुनवादीहरू मनुस्मृति अनुसार वर्णव्यवस्थामा आधारित शासन व्यवस्था चलाउन चाहन्छन् । राज्यको जनपक्षीय तरिकाले पुनर्संर चनालाई रोक्न चाहन्छन । माओवादी विरोधी सानो जत्था बोकेर ती बाहुनवादीहरू अहिले माओवादीको सिकार खेल्न निस्किएका छन । तिनीहरूका कमिटी र सल्लाहकार समितिहरूमा राजपरिवारका ढोके र बैठकेहरूको बाहुल्यता छ । तिनले काठमाडौं खुलामञ्चको आमसभामा रुक्माङगत कटुवाललाई विशिष्ट अतिथि बनाएर माओवादी पार्टी विरुद्ध हुंकार छोडेको कसैले बिर्सिएको छैन ।

ती मध्येका कोही मिडियाका मञ्चहरूबाट रोइकराई गरिरहेका छन । कोही संविधानविद्, वकिल, सञ्चारकर्मी वा पत्रकारको नाममा संविधान निर्माण प्रक्रियालाई जनविरोधी बनाउन कम्मर कसेर लागेका छन । नागरिक समाजको नाममा ब्रम्हलुट गर्नेहरूको एउटा पंक्ति जनताले तिनलाई 'जनदुस्मन' घोषणा गरेपछि भागेर वासिङटन डिसीमा पुगेको छ । यिनीहरू सबै जातीयताका विरुद्ध भन्दै जातीय हिंसा भड्काउन खोज्दै छन । माओवादी र आदिवासी जनजाति, मधेसी, दलितसहितका सबे उत्पीडित वर्गका जनतालाई एउटै भुंग्रोमा राखेर पोल्ने दाऊ छ तिनको ।

म स्वयं शुद्ध क्षत्री हुँ । मजस्ता लाखौंलाख क्षत्री/ बाहुनहरू आज दलित, आदिवासी, जनजाति, मधेसी, किसान, मजदुर र महिलासहितका उत्पीडित जनतालाई अधिकार दिनुपर्छ भन्ने पक्षमा छन ।

आज संविधानसभाका ३ सय २४ जनाभन्दा धेरै सभासदहरूले पहिचान सहितको संघीयताको पक्षमा सामूहिक हस्ताक्षर गरेका छन । माओवादी अध्यक्षले बाध्यात्मक अवस्थामा सहमतिमा हस्ताक्षर गरेको हुनाले केही माओवादी नेताहरूले नैतिकताको आधारमा हस्ताक्षर गरेका छैनन् । यी सबैलाई जोड्दा संविधान सभाका दुईतिहाइ सदस्यहरू पुग्छन । अनि किन पूर्वपञ्च, एमाले, कांग्रेसका नेताहरू र तिनका विभिन्न क्षेत्र, पेशा र व्यवसायमा रहेका भिजिलान्तेहरू मात्रै पहिचान र सामर्थ्यमा आधारित संघीयताको विरोध गर्छन ? कारण स्पष्ट छ । उनीहरूलाई थाहा छ : उनीहरू जनविरोधी हुन । उनीहरूलाई आफ्नो क्षमता, पौरख र श्रममा विश्वास छैन । उनलाई जनतामा विश्वास छैन । जनतालाई तिनीहरूमाथि विश्वास छैन । तिनीहरू आफ्नो सामर्थ्य र क्षमताका आधारमा भन्दा पनि कहिले नारायणहिटी त कहिले दिल्ली दरवारको आशिर्वादमा नेपालको सत्तामा पुगेका दलालहरू हुन । त्यसैले उनीहरू जनतालाई अधिकार सम्पन्न बनाउने कुराको विरुद्धमा छन ।

चाहे जुनसुकै संयन्त्र र पदमा रहून, सारा बाहुनवादीहरूको एउटै तर्क छ । उनीहरूको तर्क छ कि महिलाहरूलाई अधिकार दिए पोथी बास्छ रे । दलितहरूलाई अधिकार दिए टाउकोमा टेक्छन् रे । आदिवासी, जनजाति र मधेसीहरूलाई अधिकार दिए जातीय सदभाव खल्बलिन्छ, देश टुक्रा-टुक्रा हुन्छ रे । मुस्लिमहरूलाई समावेशीकरण गर्दा धार्मिक युद्ध भड्किन्छ रे । यो पृथ्वीनारायण शाहले बडो दुःख गरेर एकीकरण गरेको मुलुक हो रे । राजा महेन्द्रले बनाएको नक्सामा एक इन्च पनि तलमाथि गरे देश बर्बाद हुन्छ रे ।

के हो यो ? यो देश त्यही एउटा महेन्द्र, बीरेन्द्र वा ज्ञानेन्द्रले थामेका थिए ? खै त महेन्द्र र बीरेन्द्र मरेर गए, ज्ञानेन्द्रलाई जनताले रच्छयानमा पुऱ्याए । फेरि पनि देश चलेकै छ । उन्नति र प्रगतिका आधारहरू निर्माण हुँदै छन । ससुराले हात्ती दाइजो नदिएको झोंकमा श्रीमती फिर्ता गर्ने र विजय पश्चात कीर्तिपुरवासीको नाक कान काट्ने तिनै सनकी पृथ्वीनारायण शाहले मात्रै एक्लै गरेका हुन ? यो देशका जनता भनेका राजावादी चैतेहरू मात्रै हुन ? नेपालका आदिवासी, जनजाति र उत्पीडित जनता देशद्रोही हुन, बिखण्डन–कारी हुन ? देश र राष्ट्रिय अखण्डताको माया केवल केही माओवादी विरोधी र तिनका इशारामा नाच्ने मण्डलेहरूलाई मात्रै छ ?

हामी बाहुनवाद नमान्ने र कसैको जुठोपुरो नखाने क्षत्री / बाहुन हौं । त्यसका साथसाथै देश र राष्ट्रिय अखण्डतालाई सबैभन्दा धेरै माया गर्ने मानिस हौं । सन १९५० को सन्धि, गण्डकी, कोशी र महाकाली सन्धि र भारतीय अतिक्रमणको खुलेआम विरोध गर्ने मानिस हौं हामी । सत्ताका लागि पटक(पटक देश बन्धक राख्नेहरू, नदीनाला बेच्नेहरू र विस्तारवादको जुत्ता चाट्नेहरूले जातीय सद्भाव र राष्ट्रिय अखण्डताको कुरा गर्नुलाई भन्दा देख्नेलाई लाज भनेजस्तो भएन र ?

ती बाहुनवादीहरूले अगाडि सारेको जातीय सदभाव बारे अझ गम्भीर बहस गर्नु जरुरी छ । नेपालमा कस्तो किसिमको जातीय सद्भाव छ ? एउटा बाहुनवादी बाहुन वा क्षत्रीले आज देशका हरेक भागमा दलितलाई दमाई, कामी, सार्की, डुम र चमार भन्छ, अछुत भन्छ, कुट्छ, पिट्छ र अपमान गर्छ । पानी छुन दिंदैन, सँगै बस्न दिंदैन । धारा, कुवा र इनारमा पानी थाप्न दिंदैन । आफ्नो काम गर्न लगाउँछ तर श्रमको उचित ज्याला दिंदैन, तुच्छ मानापाथीमा बालीघरे बनाउँछ । आफूले खाएर रहेको बासी, तासी र जुठो खुवाउँछ । हिन्दू भएर पनि मन्दिरमा छिर्न र पूजापाठ गर्न दिंदैन । त्यतिले नपुगेर अझ बोक्सा वा बोक्सीको आरोपमा 'आची' खुवाउँछ, जिउँदै जलाउँछ र मार्छ । मगरलाई 'लिंडे' गुरुङलाई 'थेप्चो नाके' नेवारलाई 'कोदो/पाडो', मधेसीलाई 'मदिसे/धोती' भन्दै हेप्छ । थारुहरूलाई हलिया, कमैया, हरुवा, चरुवा र गोठालो राख्छ । थारुका छोरीहरूलाई कुखुराको चल्लाको मूल्यमा किनेर कम्लरी राख्छ जसलाई सानी हुञ्जेलसम्म श्रमको र उमेर पुगेपछि भौतिक र यौन शोषण गर्छ । यी सबै जातजातिका मानिसहरूले ती बाहुनवादीहरूले गरेका सारा अपमान, शोषण, दमन, अन्याय, अत्याचार र व्यभिचार सहेर बसेको हुनाले नेपालमा जातीय सद्भाव कायम रहेको थियो र छ । के यसैलाई जातीय सद्भाव भनिन्छ ? के नयाँ गणतन्त्रात्मक नेपालमा पनि हामीलाई यस्तै किसिमको जातीय सद्भाव चाहिएको हो ?

खबरदार ! हामीलाई संघीय नेपालमा यस्तो काइते सद्भाव आवश्यक छैन । अब जनता जागेको छ, जनताको चेतना जागेको छ । बाहुनबादको रच्छयानमा हुर्केका संसदवादीहरू हो, अब सारा उत्पीडित वर्ग तिम्रो शासनको किल्लामा भागबण्डा माग्न सक्ने भएको छ । अब पनि त्यस्तै थिचोमिचो गर्ने जातीय सद्भाव चाहन्छौं भने विद्रोह हुनेछ । तिमी शासक वर्गका, मनुस्मृतिपन्थी, पूर्व राजपरिवारको जुठोपुरोमा रमाएका, मण्डले, प्रतिगामी र दक्षिणपन्थीहरूको एउटा सानो हिस्सा बाहेक हामीजस्ता श्रमजीवी वर्गका राष्ट्रभक्त क्षत्री/ बाहुनहरूले पनि त्यो विद्रोहलाई साथ दिनेछौं र दिनुपर्छ । किनकि हामी नयाँ नेपालमा वास्तविक र समानतामा आधारित जातीय सद्भाव चाहन्छौं । सबैको समान हक अधिकार र पहिचान स्थापित गर्न चाहन्छौं ।

मुलुकलाई जातीय संघर्षबाट बचाउने एउटै उपाय छ : त्यो हो राष्ट्रभक्त र न्यायप्रेमीको संघर्ष । जनविरोधीहरूका विरुद्ध जनताका अधिकारहरूको पक्षमा भएका वीचको वैचारिक संघर्ष । त्यसका लागि तुरुन्तै खस आर्य मोर्चाको निर्माण गरी अगाडि बढ्नुपर्छ । खस आर्य मोर्चा निर्माण नहुन्जेल सबै उत्पीडित जनतासँग हातमा हात मिलाएर अगाडि बढौं । हाम्रो जीत सुनिश्चित छ । विजय कसैको जुठोपुरोमा रमाउने मण्डले र संकीर्ण कायरहरूको होइन, वीरहरूको हुन्छ । बहादुरहरूको हुनेछ, क्रान्तिकारी जनताको हुन्छ । महान् नेपाली जनताको हुन्छ । इतिहास यसको साक्षी छ ।

संविधानसभा भंग र राज्य पुनर्संरचनाका सवाल

–श्रीकृष्ण महर्जन–

गत जेठ १४ गते राती १२ बजे जननिर्वाचित संविधानसभा भंग भएको कुरा सबैलाई थाहा भएकै हो । चार बर्षसम्म काम गरेको संविधानसभा अन्ततः लामो समयदेखि स्थगित हुँदै जेठ १४ गते बैठक नै बस्न नसकी भंग भएको अवस्था छ भने संविधानसभा भंग हुनुको कारणलाई लिएर प्रमुख दलका नेताहरूले एकले अर्कोलाई आरोप लगाउँदै आएका छन् । विशेषगरि संविधानसभा भंग हुनुको मुख्य कारण भनेको राज्य पुनर्संरचनाको सवालमा प्रमुख दल वीच सहमति हुन नसकेका कारण हो भन्ने कुरा सबैले बुझिसकेकै कुरा हो। साँच्चै राज्य पुनर्संरचनाको विषयलाई लिएर प्रमुख दलका नेताहरू वीच संविधानसभाको अन्तिम समयमा तीब्र रुपमा विवाद भएको देखिएका कारणले कतै प्रमुख दलका नेताहरू विगतमा सो विषयमा विवादै नभएको र सडकमा समेत प्रदर्शन नभएको त हैन भनी प्रश्न उठ्नु पनि स्वाभाविक नै हो ।

संविधान निर्माणदेखि राज्य पुनर्संरचनाको विषयमा भएका घटनाक्रमहरू :

संविधानसभाको चुनावमा अधिकांश पार्टीहरूले जातीय पहिचानको आधार मा राज्य पुनर्संरचना गर्ने प्रतिबद्धता जनतामाझ गरेका थिए । कुनै कुनै पार्टीले सिधा नै जातीय पहिचानको आधारमा आत्मनिर्णयको अधिकार सहित अग्राधिकार, स्वायत्तता र स्वशासनका कुरा घोषणा पत्रमा उल्लेख गरेका थिए भने कुनै कुनै पार्टीले घुमाउरो पारामा सो कुरालाई स्वीकार गरेका थिए । चुनावको समयसम्म नेपाली जनताले पहिचानको आधारमा राज्य पुनर्संरचना गर्ने विषय त्यति धेरैले बुझेका थिएन अथवा प्राथमिकता दिएका थिएनन् भने थोरैले मात्र बुझेर प्राथमिकता दिएका थिए । जुन संविधानसभाको चुनाव भयो चुनावको नतिजा आयो । माओवादी पार्टी सबै भन्दा ठूलो पार्टी भयो । त्यसपछि संविधानमा भएको सहमतिय राष्ट्रिय सरकार निर्माणको विषयमा नेपाली कांग्रेसले अवरोध सिर्जना गऱ्यो । त्यो वीचमा नेपाललाई गणतन्त्र घोषणा गर्नुपर्ने अवस्था रहेका कारण माओवादीले गणतन्त्र घोषणा गर्ने भए सहमतिय सरकार नभए बहुमतिय सर कारमा पनि जान आफूहरू तयार भएपछि अन्ततः गणतन्त्र घोषणा भयो र संविधान संशोधन गरि सहमतिय सरकारका साथ साथै बहुमतिय सरकारको पनि बुँदा राख्ने कार्य भयो। र त्यसपछि प्रचण्डको नेतृत्वमा बहुमतिय सरकार गठन भएको हो ।

प्रचण्डको सरकारले संविधानमा नै व्यवस्था भए अनुसार राज्य पुनर्संर चनाका लागि सुझाव दिन राज्य पुनर्संर चना आयोग गठन गर्ने प्रक्रिया सुरु गरेको थियो । तर कांग्रेस र एमालेका कारण सो आयोगलाई पूर्णता दिन भने सकिएन । समय वित्दै गए ।

संविधान निर्माणका लागि संविधानसभाले विभिन्न ११ वटा विषयगत समिति गठन गऱ्यो । संविधानसभाका विषयगत समितिहरूले काम गर्दै गर्दा राज्य पुनर्संरचना आयोग बनाउन कांग्रेसले खासै चासो लिएन। यो विचमा संसदमा बहुमतिय खेल सुरु भयो । सरकार गिराउने र बनाउनेमा नै लागे दलहरू । यो विचमा अत्यन्तै मेहनत गरि संविधानसभाका विषयगत समितिहरूले आ–आफ्नो कार्य गरे ।

राज्य पुनर्संरचना तथा राज्य शक्ति बाँडफाँट समितिले पनि आफ्नो प्रतिवेदन तयार गरे । उक्त समितिले सर्व सहमतिमा पहिचान र सामर्थ्यताको आधारमा राज्य पुनर्संरचना गर्ने भनी निर्णय गरेको थियो । सो समितिका बहुमत सदस्यले राज्य पुनर्संरचनाको १४ प्रदेश पारित गरेको थियो ।

जब राज्य पुनर्संरचना समितिले आफ्नो प्रतिवेदन तयार गऱ्यो सोहि समयदेखि नेपाली कांग्रेस र एमालेका शीर्ष ब्राम्हणवादी नेताहरूले विरोध गर्न थाले । एक ढंगवाट ब्राम्हणवादी सोच भएका एमाले कांग्रेसका नेताहरू झस्कीए। अनि राज्य पुनर्संरचना विरुद्ध विभिन्न षडयन्त्र गर्न थाले । संविधान

निर्माणको कार्य समेत अबरुद्ध भए । यो वीचमा पनि दलहरू वीच संसदमा बहुमतिय खेल जारी नै रह्यो । संविधानसभाको म्याद थप्ने कार्य निर न्तर रुपमा गरे ।

यसै वीच प्रमुख दलका शीर्ष नेताहरूले षडयन्त्र मुलक ढंगवाट राज्य पुनर्संरचनाका लागि संवैधानिक अंगको रुपमा राज्य पुनर्संरचना विशेष समिति गठन गर्ने सहमति गरे । आदिवासी जनजाति सभासद, मधेसी सभासद् र एकीकृत माओवादीका बरिष्ठ उपाध्यक्ष मोहन बैद्य किरण पक्षधरका नेताहरूले संसदमा ठूलै संघर्ष गरेपछि नेताहरू सो योजना फिर्ता लिन बाध्य भयो ।

त्यसपछि दलका नेताहरुले फेरी अर्को षडयन्त्र सुरु गरे । अब म्याद सकिएको औषधी जस्तै भएपनि राज्य पुनर्संरचना आयोग बनाउन सहमति भए । जो संविधानसभाको राज्य पुनर्संरचना तथा र ाज्य शक्ति बाँडफाँट समितिको प्रतिवेदन तयार गर्न सुझाव दिनका लागि बनाउनुपर्ने समिति थियो । तैपनि आदिवासी जनजाति, मधेसी लगायतका दलहरू समेत संविधान निर्माण कार्य अगाडी बढ्छ भने राज्य पुनर्संरचना उच्च स्तरीय आयोग बनाएतापनि खासै फरक पर्दैन भनी मौन रुपमा स्वीकार गरे । र आयोग पनि बनाइयो । आयोगले पनि राज्य पुनर्संरचना समितिले तयार गरेकै आधारमा राज्य पुनर्संचना गर्ने तयारी गरे र अन्ततः समितिको प्रदेशमा भन्दा केहि फरक हुने गरि एउटा भूगोलविनाको प्रदेश सहित ११ प्रदेशको प्रस्ताव बहुमतबाट पारित गऱ्यो । त्यसपछि झनै एमाले र कांग्रेसका ब्राम्हणवादी नेताहरु झस्कीए । र विभिन्न षडयन्त्र गर्न थाले ।

त्यसपछि त सेना समायोजन नगरि कन संविधानको 'स' पनि लेख्न तयार भएन । यो वीचमा एकीकृत माओवादी भित्र लाईन संघर्ष तिब्र भइसकेको थियो । र माओवादीका अध्यक्षले बैद्य पक्षको विभन्न आरोप र विरोधका बाबजुद पनि सेना समायोजन गरे । त्यसपछि अब त दलका नेताहरूले संविधान निर्माण गर्ला भनी आशा गरे । तर दलका नेताहरू त्यसपछि मूल रुपमा विवादित विषय नै राज्य पुनर्संचना बनाउन थाले । यो वीचमा र ाज्य पुनर्संरचनाको विरोधमा अखण्डताको नाममा आन्दोलन सुरु गरे ।

सो आन्दोलनमा प्रमुख दलका दोस्रो तहका नेताहरूको हात रहेको कुरा त सबैलाई थाहा भएकै कुरा हो । यो वीचमा फेरी खस ब्रम्हण दसनामीको नाममा पनि आन्दोलन सुरु भयो । जनसेना नभइसकेको अवस्थामा त्यसरी राज्य पुनर्संरचनाको विपक्षमा आन्दोलन सुरु गरियो । यो वीचमा प्रमुख दल एकीकृत माओवादी, कांग्रेस, एमाले, र मधेसी मोर्चाका शीर्ष नेताहरू वीच पहिचानविनाको १० प्रदेश बनाउने सहमित गरियो ।

सो सहमतिलाई आदिवासी जनजातिहरूले चर्को विरोध गरे । आन्दोलन समेत गरे । त्यो सहमति पनि तुहियो । अन्ततः राज्य पुनर्संर चनाको सवालमा नै विवाद गरि दलका नेता तथा सभासद्हरूको संविधानसभामा बैठक नै नबसी गत जेठ १४ गते राती १२ बजे संविधानसभा भंग गरे । संविधानसभाको माध्यमवाट नयाँ संविधानको आवश्यकता भनेको आदिवासी जनजाति, मधेसी र राज्यद्वारा बहिस्करणमा पारिएका समुदाका लागि हो । संविधानसभामा मतदानमा जाने हो भने राज्य पुनर्संर चना समितिको १४ प्रदेश नै पारित हुने अवस्था भएका कारण संविधानसभाको बैठक नै नराखी अन्ततः संविधासभा भंग गरे । त्यसरी संविधानसभा भंग गरेको मूल कारण भनेको नै आदिवासी जनजाति, मधेसी र राज्यद्वारा बहिस्करणमा पारिएका समुदायलाई हक अधिकार दिनुपर्ने अवस्था आउँछ भन्ने कुरा स्पष्ट रुपमा सबैले बुझीसकेकै कुरा हो ।

अन्तिम समयमा राज्य पुनर्संर चनाको सवालमा कस्ता कस्ता प्रस्ताबहरू आए ?

जेठ १४ गते संविधानसभाको अन्तिम समयमा आदिवासी जनजाति सभासद् दबाव समूह ककसले पहिचानको आधारमा राज्य पुनर्संरचना गर्न माग गरे । सो समयमा प्रमुख दलका शीर्ष नेताहरूले ककसलाई पनि बैठकमा बोलायो । र बैठकमा ककसले आफ्नो प्रस्ताव राखे । सो बैठकमा नेपाली कांग्रेसका नेता रामचन्द्र पौडेलले जनजातिको प्रस्ताव कुनै पनि हालतमा सहमति हुन नसक्ने भन्दै प्रदेश जति बनाउन पनि तयार तर प्रत्येक प्रदेशमा प्रमुख दुई जातीको पहिचान राख्नुपर्ने प्रस्ताव गरे । जस्तो नेवाः खस आर्य प्रदेश, ताम्सालिङ खस आर्य प्रदेश, मगरात खस आर्य प्रदेश लगायत । अधिकांश प्रदेशमा खस आर्य दोस्रो स्थानमा रहेका कारणले सायद् पौडेलले सो प्रस्ताव गरेको हुनसक्छ। यसै वीच ककस र माओवादीको बैद्य समूहदेखि प्रचण्डको समूहले समेत विरोध गरे । र प्रचण्डको समूह र डा. बाबुराम भट्टराईको समूहले एकल जाती र भौगोलिकलाई पनि आधार मानी दुईवटा पहिचान स्वीकार गरि प्रदेश बनाउने प्रस्ताव गरे। जातीय पहिचानको पछाडी भूगोल पनि राख्ने प्रताव गरे । जस्तो नेवाः बागमती । सो प्रस्तावलाई आदिवासी जनजाति सभासद्हरूले पनि त्यति सम्म भए स्वीकार गर्ने भनी सहमति जनाए। तर कांग्रेस र एमालेका शीर्ष नेताहरूले सो प्रस्ताव पनि अस्वीकार गरे । यसै वीच संविधानसभामा बैठक नै बस्न सकेन। र संविधानसभा भंग भए ।

यो घटनाक्रमलाई बुझेर अब नयाँ संविधानसभाको चुनावमा आदिवासी जनजाति, मधेसी, राज्यद्वारा बहिस्करणमा पारिएका समुदायदेखि पहिचानलाई स्वीकार गर्ने अन्य समुदायले विचार गर्नुपर्ने समय आएको छ ।

बाहुनवादी मिडियाको कालो करतूत

–राजु महर्जन–

जेठ ८ गते सोमबार । स्थान : ग्वार्को ललितपुर । आदिवासी जनजाति संयुक्त संघर्ष समितिको आयोजनामा आव्हान गरिएको आम हडतालको दोस्रो दिन ।

हिजोको बन्दमा खस नेपाली मिडियामाथि भएको तोडफोडले गर्दा पत्रकारहरू आक्रोशित भएकोमा खेद प्रकट गर्दै बन्द आयोजकहरूले आज बिहानैदेखि पत्रकार हरूलाई निर्वाध समाचार संकलन गर्नुका साथै ठाउँठाउँमा अबिर तथा खादाले स्वागत तथा सम्मान गरियो । त्यसैक्रममा ग्वार्कोमा आइपुगेको टेलिभिजन पत्रकार हरूलाई पनि बन्दकर्ताले हार्दिक स्वागत गरे । केहीबेर मै टेलिभिजन पत्रकारले त्यहाँ उपस्थित एक आन्दोलनकर्ताको अन्तर्वार्ता लिए ।

आन्दोलनकर्ताले बन्दको कारण र आफ्ना मागबारे एकदम उत्साहित भई हात माथि उठाइ-उठाइ जवाफ दिए । ठीक त्यसैबेला सो ठाउँमा पाकेटमार-पाकेटमार भन्दै आवाज आयो र हुलदंगा भयो सो हुलले ती टेलिभिजन पत्रकारलाई पनि ठेलमठेल भैर ाखेको अवस्थामा तिनै अन्तर्वार्ता दिने आन्दोलनकार ीले पत्रकारलाई हुलमुलबाट जोगाउँदै सुरक्षा दिंदै सुरक्षित स्थानमा लगे । त्यसपछि ती आन्दोलनकारीले आफ्ना, छर छिमेक, साथीभाइलाई आज आफूले टेलिभिजनको लागि अन्तर्वार्ता दिएको जानकारी दिंदै हेर्न आग्रह समेत गरी आफू पनि टेलिभिजन हेर्नतिर लागे ।

एकैछिन पछि न्यूज २४ नामक च्यानलमा उनको तस्वीर देखेर उनी आफै अचम्भित भए, छाँगाबाट खसेझैं भए ।

त्यहाँ उनको अनुहार त देखाईएको थियो तर आवाज थिएन । साथै उनलाई एकदम फोकस गरी उनको आधा जति मात्र हात देखाई हिजो मिडियालाई आक्रमण गर्ने व्यक्ति यिनै हुन भनी बारम्बार फोकस गरी गरी देखाइयो ।

यो हो खस नेपाली मिडियाको वास्तविकता ।

नेपाली भाषाको माध्यमबाट नेपालभाषा सिकौं

नेपालभाषा	नेपाली भाषा
खुसि –नदी ।	सिमा कचा – फेद
किचः – छहारी ।	भतिचा –अलिकति।
सर्ग – आकाश ।	भचा – अलि कम
नगु – तारा ।	छुं – केही ।
अप्पा – ईटा ।	भचा अप्वः –
ल्वहं – ढुंगा ।	अलि बढी ।
निभाः – घाम ।	फुक्कं – पूरा ।
लः – पानी ।	जाय्क – धेरै ।
फय् – हावा ।	बेक्वः – बाँगो ।
लः च्वापु – बरफ ।	फुस्लु – खोक्रो ।
च्वापु – हिउँ ।	चाकलाःगु – गोलो
कचा – हाँगा ।	तप्यं – सीधा ।
स्वाँ – फूल ।	तःधं – ठूलो ।
गुँ – जँगल ।	तहाकः – लामो ।
घाँय् – घाँस ।	चिहाकः – छोटो ।
हः – पात ।	चीधं – सानो ।
म्हुकँचा – च्याउ ।	तब्याः – फराकिलो
पुसा – बिउ ।	चिब्याः – पातलो ।
तु – उखु ।	तप्पं – मोटो ।
सिमा – रुख ।	तं – रिस ।

इण्डियन प्रिमियर लीग (आइपीएल) क्रिकेट प्रतियोगिता -२०१२ कोलकात्ता नाईट राइडर्सको पोल्टामा

पहिलो ओभरमै गौतम गम्भिर मात्र २ रन बनाई बाहिरिएपछि जितको आशा क्षिण भएको थियो । बिस्ला र जाक कालिसले पारी सम्हालेर कोलकत्तालाई जित हासिल गर्न सफल भएको थियो । ह्याट्रिक गर्ने चेन्नइ सुपर किंग्सको सपना चकनाचुर पारि दिएको थियो ।

नवीन महर्जन

सन २००८ देखि प्रत्येक वर्ष हुँदै आइरहेको भारतका धनाध्यहरुको क्रिकेट टीम बीच हुने इण्डियन प्रिमियर लीग (आइपीएल) क्रिकेट प्रतियोगिता २०१२ गत आइतवार मध्य रातमा सकियो ।

यस प्रतियोगिताको लीग चरणको खेलहरुमा उत्कृष्ट खेलको प्रदर्शन गरी दिल्ली डेयर डेभिल्स, कोलकत्ता नाइट राइडर्स चेन्नइ सुपर किंग्स र मुम्बई इण्डियन्स प्ले अफ म्याचको निम्ती छनौट हुन सफल भएको थियो । पहिलो प्ले अफ म्याचमा कोलकत्ता नाइट राइडर्सले दिल्ली डेयर डेभिल्सलाई १८ रनले पराजीत गरी फाइनलमा पुग्न सफल भएको थियो । उक्त खेल जेठ १० गते राती सम्पन्न भएको थियो । कोलकत्ताले २० ओभरमा ४ विकेटको नोक्सानीमा १६२ रन बनाउन सफल भएको थियो । प्रतिउतरमा उत्रेको दिल्ली डियर डिभिल्सले केवल १४४ रनमात्र बनाउन सफल भएको थियो ।

त्यस्तै दोश्रो प्ले अफ म्याचमा चेन्नई सुपर किंग्स र मूम्बई इण्डियन्स बीच भएको थियो । उक्त खेलमा चेन्नईले १८७ रन ५ विकेटको नोक्सानीमा खडा गरेको थियो । जवाफमा मूम्बई इण्डियन्सले केवल १४९ रनमात्र बनाइएको थियो जस्ले गर्दा चेन्नई सुपर किंग्स ३८ रनले जिति अर्को प्ले अफको लागि छनौट हुन सफल भएको थियो । फाइनल खेलमा स्थान सुरक्षित गर्नको लागि चेन्नई सुपर किंग्स र दिल्ली डेयर डेभिल्स विच भएको अन्तिम प्लेअफ प्रतियोगितामा पहिला ब्याटिङ गर्दै चेन्नईले २२२ रनको विशाल स्कोर खडा गरेको थियो जब कि दिल्लीले केवल १९६ र नमा समेतेको थियो । यो खेल शुक्रवार भएको थियो । यो जीतले डिफेन्डिङ च्याम्पियन चेन्नई सुपर किंग्स फाइनल पुग्न सफल भएको थियो । चिदम्बर म रंगशाला चेन्नईमा गत आइतवार भएको चेन्नई सुपर किंग्स र कोलकत्ता नाईट राइडर्स बीच फाइनल खेल भएको थियो । आईपीएलको इतिहासमा ह्याट्रिक गर्ने सोचका साथ मैदानमा उत्रेका चेन्नई सुपर किंग्सले टस जिती ब्याटिङ रोजेका थिए । ३ विकेटको क्षतिमा १९० रन बनाउन सफल भएका थिए । आईपीएलमा नयाँ इतिहास बनाउने सोचका साथ मैदानमा उत्रेका किंग खान शाहरुख खानको क्रिकेट टीम कोलकत्ता नाईट राइडर्सले १९.४ ओवरमा १९२ रन बनाई विजय हासिल गरेको थियो । पहिलो ओभरमै गौतम गम्भिर मात्र २ रन बनाई बाहिरिएपछि जितको आशा क्षिण भएको थियो । बिस्ला र जाक कालिसले पारी सम्हालेर कोलकत्तालाई जित हासिल गर्न सफल भएको थियो । ह्याट्रिक गर्ने चेन्नइ सुपर किंग्सको सपना चकनाचुर पारि दिएको थियो ।

प्रेम पत्र

प्रिय,

मिठो सम्झना, मायाका अविरल पुष्प गुच्छाहरू तिमी समक्ष अर्पण गर्दै तिम्रो जीवनको उत्तरोत्तर प्रगतिको कामना गर्दै यस विछोड नै बिछोडले भरिएको टुक्रा-टुक्रा भएको मुटुबाट अन्तिम कोशेली तिमी समक्ष यो सन्देश पुऱ्याउन मद्दत गर्ने सुन्दर नगरी कीर्तिपुरको लोकप्रिय साप्ताहिक पत्रिका 'कीर्तिपुर सन्देश'लाई आत्मादेखि धन्यवाद दिन चाहन्छु ।

प्रिय के भनुँ ? कुन शब्दले तिमीलाई संम्बोधन गरौं ? मेरो शब्द क्षितिजपारी पुगेको छ । यो शब्द अनि सम्बोधन तिमी समक्ष पुगेको भए पनि मेरो मनमा छिया-छिया भएर उत्पन्न भएका शब्द पोख्ने ठाउँ यही 'कीर्तिपुर सन्देश' भएको हुनाले यही मेरो चौपारी बन्न पुगेको छ । तर तिमीजस्ती मायाको नाटक गरी धेरैको मन रुवाएर विच बाटोमा अलपत्र पारी हिंड्ने तिम्रो हरपल हरक्षण सम्झनाले सताइरहने हुँदा जानी नजानी भए पनि तिम्रो नाउँमा दुई चार शब्द कोर्न बाध्य भएको छु । तिमीले मेरो मनको भावना बुझ्न सकिनँ ? तिम्रै कारणले अन्धकार संसारमा छटपटाइरहेको छु । तिम्रो नजरबाट टाढा भए पनि अन्धकार जीवन जिउन खोजिरहेको छु । अरुले गरेको जस्तो व्यवहार गरेको भए केही हुने थिएन होला । तिमी मेरी सपनाकी राजकुमारी, जीवनको जिउने सहारा थियौं, मैले तिमीबाट धेरै सोचेको थिएँ । तर तिमीले मेरो पवित्र मायामा खेलवाद गरिदियौं । तिमीबाट पाएको चोटको घाउले मैले आजसम्म पनि कसैको विश्वास लिन सकेको छैन । तापनि तिमीले दिएको पिडाले मजस्ता धेरै युबाहरूको आँखा खोलिदिएकोमा तिमीलाई ठूलो धर्म हुनेछ ।

मेरो जिवन आफ्नै गतिमा चलिरहेको थियो । तिमी मेरो समिपमा आइ मायाका अनेकौं प्रलोभन देखाउन थाल्यौं । अनायासै बसेको प्रेमले पनि मुटुमा यतिधेरै चोट दिंदो रहेछ । जुन चोटसँग आज म रमाउन बाध्य छु । प्रेममा पाएको चोटलाई सम्हाल्दै आज एक्लो जीवनलाई अगाडि बढाइरहेको छु । माया बिनाको संसार दुःखदायी हुन्छ सुनेको थिएँ । आज मेरो जीवन त्यही अवस्थामा छ । यो क्षण मेरो जिन्दगीमा अविश्मरणीय रहने छ ।

हुन त मेरा २/४ शब्दले तिमीलाई केही फरक पार्दैन होला । तैपनि मानवताको नाताले कुनै पनि तन्नेरीको जीवनलाई वा मायालाई एउटा कठपुतली नसोच्नु । तिम्रो नौलो सम्बन्ध अजम्बरी रहोस फलोस् फुलोस् । तिमीबाट मेरो चोखो मायाको बदलामा घृणा पाएको छु । यो तिमीले मलाई दिएको ठूलो उपहार हो । तिमी त धेरै खुसी छौ होला । जुन चिजको निंति तिमीले मायाको नाटक गरेकी थियौं । त्यो तिमीले हासिल गऱ्यौ नि । मसँग पनि प्रशस्त धन सम्पत्ति भएको भए मेरो समिपबाट तिमीलाई गुमाउनु पर्थेन होला । म तिमीलाई केही भन्न चाहन्न । आफ्नै भाग्यलाई दोषी देख्छु । म त म्रो अगाडि केही थिएन । तर पनि हरपल म तिम्रो सम्झनामा पागल जस्तै बनेको छु ।

यो संसारको सपनीलाई यही समाप्त गर्दै तिमीले उच्च वर्ग र निम्न वर्गको पाठ सिकाइ मस्ता तन्नेरीहरूको आँखा खोलिदिएकोमा विशेष आभार प्रकट गर्दछु । तिमीले सिकाएको पाठले मजस्ता धेरै तन्नेरीको आँखा खुल्नेछ । भन्दै विदाइको हात हल्लाउँदै अन्त्यमा जहाँ, जसरी, जुन अवस्थामा, जोसँग छौं । सदा हाँसी खुसी रमाइ रहनु । खुसी जीवन बिताउनु, अवश्य पनि अर्को जुनीमा म तिम्रो हुनेछु ।

उही तिम्रो
पागल प्रेमी

– प्रकाश भण्डारी, बम्घा ३, गुल्मी हालः शहीद स्मारक कलेज नयाँ बजार

साहित्य/कविता

खेर नफालियोस शक्ति दुरुपयोग गरी

राम महर्जन,
नगाउँ कीर्तिपुर– १६

नियमित प्रकृयामा घुमिरहने जगतलाई
नबुझी गरे घमण्ड हुन्छ फगत
शक्तिशाली त्यो घुम्ने मेचमा
अरु पनि कोही तयारी नै होला

नसम्झनु वेश आमाको दाइजो
नखेलौं बल जहाँ तहीं हानी
नभुलौं गोलपोष्ट सही निशाना
चेतनाले भरी भराउ बदलेको जमाना

नपाउनेले केरा पायो बोक्रा सुद्धै खायो
नभनोस जनताले बेमाइनी भयो
कस्तोलाई हामीले भोट दिइ चुनियो

दिइयो जनताले अमूल्य मत
पाइयो जनताले गहिरो चोट
नगरियोस थिचोमिचो निर्धाहरु माथि
खेल नफालियोस शक्ति दुरुपयोग गरी

खुशी भयो होला कोही भ्रष्टाचारी
जस्को जीवन धनले भरी पूर्ण
मन होला त्यस्ताको यो मुलुक पनि
भयो अब त सिंगापुर सरी

कहाँ छ र नेपाली गरीव

– बाबुराम महर्जन, नगाउँ

सबैले गाली गरेकाहरु लाई
के गालि गर्ने गालिले लाजै छैन ॥

मालाले स्वागत गरौं भन्दा
मालाको भोको तिनलाई छैन ॥

पैसाको खुस पारौंकी भन्दा
धनको कमि कुनचाहिं संग छैन ॥

सर्बहारा भन्छ सबैले
छैन अब शामन्त भैसक्यो ॥

नेपाली गरिव भन्छ कहाँ छ र
पुंजीपतिको लिष्टमा परिसक्यो ॥

अन्तरराष्ट्रिय अनुदान बटुली
तिनीहरु व्यक्ति धनि भैसक्यो ॥

प्रतियोगितामा दौडिरहेछ
कहाँ छ र नेपाली गरिब ॥

थुनुवाको डायरी–४६

२०६७/०८/१० शुक्रवार एकाउन्न दिन १७ नं पुनरावेदनमा तेश्रो पेशी

आज ५ बजे मेरो आँखा खुल्यो । बाहिर गएर नित्यकर्म गरेर आएँ । आज लोडसेडिंग भएको छ । त्यसैले कोठामा आएर बिछयौनामा पल्टिरहें । ५.४५ बजे नम्बर खुल्यो । बाहिर घुम्न गएँ । एक घण्टा घुमेर ६.४५ बजे चिया र बिस्कुट खाएँ ।

७ बजे ओमशान्ति मा गएँ । भाइजीले मुरली पढि रहनु भएको थियो । आजको मुरलीमा हामीले देह-अभिमान त्यागेर "म पवित्र आत्मा हु" भनेर बुझ्नुपर्छ ।

यो पतित दुनियालाई पावन बनाउनु पर्छ । ध्यान योगबाट हामी नरबाट नारायण बन्नुपर्छ" भन्ने ज्ञान दिनुभयो । त्यसपछि फेरि ध्यान गर्न लगाइयो ।

साक्षात्कार ध्यान गर्ने क्रममा मैले ब्रम्हा बाबासँग मन मनै भनें, "बाबा, मैले जानी नजानी कुनै अपराध गरेको भए मलाई क्षमा दिनुहोला । मैले कुनै अपराध गरेर त आज यो बन्दीगृहमा बन्दी जीवन बिताउन परिरहेको छ ।

अब त मेरो बन्दी जीवनको अवधि पूरा भयो होला । आज १७ नं. पुनरावेदनमा मेरो पेशी छ । मलाई आज सामान्य तारिखमा छाडिदिनुस ।" यो पुकार गरेर म ध्यानमा बसें । मलाई अलि अलि भुम्म निद्रा लागेजस्तो भयो । म बाहिर दुनियामा पुगें । त्यतिकैमा गाना सकियो । सबैजना उठे । म पनि उठें । ब्रम्हा बाबाको "एक अद्भूत जीवन कहानी भाग-१ किनेर ल्याएँ ।

बाहिर गएर एक कप चिया पिएर आएँ । कोठामा आएर डायरी लेख्न थालें । ठिक समयमा खाना खान गएँ । खाना खाएर दाढी काटें ।

आज पुनरावेदन १७ नं मा मेरो पेशी छ पक्का बहस हुन्छ भनेको थियो । जे हुन्छ खबर गर्न छोरा या बुहारी आउन सक्छ । मलाई फोहरी देख्यो भने उनीहरूले चित्त दुखाउने छ । आज म बाहिर जान पाउँछु या पाउँदिन मलाई थाहा छैन ।

आज म त्यति उत्साही पनि भएको छैन । मैले मुरलीमा पढेको छु, "हामी यो जुनीमा जे गर्दैछौं । त्यो या त पूर्वजन्मको फल हो । यो जुनीमा राम्रो काम गरें भने अर्को जन्ममा राम्रो हुन्छ ।" त्यसैले मैले सबै कुरो शिबबाबाको काँधमा राखेर निश्चिंत भएर कोठामा बसेर कहानी लेखिरहें ।

१.३० बजे माईकबाट मेरो नाम बोलायो । ल के खबर आयो होला भनेर उत्सुक भै ढोकामा गएँ । ढोकाबाट बाहिर हेरेको त छोरा आएको रहेछ । छोराको मुख देख्ने बित्तिक्कै खबर राम्रो छैन भन्ने अनुमान गरें । नभन्दै आज पनि बहस गर्न भ्याएन । अर्को शुक्रवारको लागि पेशी सऱ्यो भन्यो ।

कुराकानीको क्रममा छोराले भन्यो, "हिजो नानी मिस बच्चाहरूलाई भेट्न संस्थाले बोलाएको थियो । नीरुसँग मात्र भेट्न दियो । नीरुले हामीले जाहेरी दिएको होइन संस्थाले सिकाएर जाहेरी दिएको भनिन् । निर्मला र सबीताले बयान फेर्लाजस्तो छैन । तपाईंको अनुहार देखेर माया लागेर तपाईको पक्षमा बोले मात्र हो । नत्र उनीहरुको ब्रेनवाश गरि सकेको छ ।'

"त्यसैले उनीहरुलाई कैदीलाई जस्तो कोठामा थुनिराखेको छ भन्ने सुन्छु ।'

"अस्ति सुरेन्द्रलाई तपाईंसँग भेटाउन ल्याएँ भनेर ममी र ठूली ममीले मलाई गाली गरेको गऱ्यै छ ।' दुवैजनाले चिया मगाएर पिएँ । चिया पिउँदै गफ गर्न थालें । सुरेन्द्र मानन्धरको नाममा लेखेको पत्र दिएँ ।

"मेरो बारेमा चिन्ता नलिनु । मैले यहाँ आफूलाई एडजस्ट गराइसकेको छु ममी करायो भनेर नरिसाउनु, मिलेर बस्नु । ब्लडप्रेशरको रोगी हो केही भयो भने के गर्ने ?" मैले सम्झाएँ ।

"सरुलाई बाहिर राखेर आएको छु ।' निरजले भन्यो ।

"हुन्छ त जाउ ।" भनेर छोरा लाई पठाएँ । म भित्र आएँ ।

आज घरबाट केही पनि खाजा ल्याएको छैन । होटेलमा गएँ । बफ चिल्ली बनाइराखेको रहेछ । एक प्लेट वफ चिल्ली लिएर कोठामा आएँ । घरको चिउरासँग खाएँ ।

आज मेरो मात्र पेशी सरेको होइन रहेछ । परशुराम खड्का र शिव मल्ल ठकुरीको पनि १७ नं.मा पेशी सरेको रहेछ ।

आज साझ दिनेश, विकास, खेमराज र म बाहिर घुम्दै गफ गर्न थालें । आज महिला अधिकार दिवशको दोश्रो दिन । रेडियो र टी. भी. बाट धुमधामले प्रचार प्रसार गरिरहेका छन । स्वनामधन्य महिलावादी नेतृहरू मोटाघाटा र चिल्ला छन । उनीहरूले डलर पचाउन पाएका छन किन चिल्ला नदेखिनु ? उनीहरूको कुर्याइले महिलाले पुरुषमाथि धेरै अन्याय गरिरहेका छन ।

महिलाले श्रीमान छँदै पर पुरुष गमन गरे पनि कुनै सजाय हुँदैन । हदभए अंशभाग दिएर अलग्ग राख्न सक्नेछ । जेल पठाउन सकिँदैन । यदि पुरुषले घरमा स्वास्नी छँदै अर्को महिला ल्याए जेल जानुपर्ने छ ।

स्वास्नीले अर्को व्यक्तिसँग बिहे गरे अघिल्लो लोग्नेसँग स्वतः सम्बन्ध विच्छेद हुने अवस्था छ तर लोग्नेले अर्को स्वास्नी ल्यायो भने बहूविवाह कानून लगाएर सजाय दिन्छ ।

महिलाहरूलाई यति धेरै अधिकार दिएको छ । जुन पुरुषहरू प्रति घोर अन्याय गरेको छ । लोग्नेको इच्छा विपरीत यौन सम्बन्ध राख्न कर गरे कुनै कानून लाग्दैन ।

तर लोग्नेले कर गरेर यौन सम्पर्क राखेमा बलात्कारको मुद्दा लाग्छ ।

त्यस्तै अर्को झन असमान कानून विद्यमान छ । लोग्ने स्वास्नीको सम्बन्ध विच्छेद भयो भने स्वास्नीले कमाएको सम्पत्तिमा लोग्नेको हक लाग्दैन तर लोग्नेको पुर्ख्यौली सम्पत्तिमा समेत स्वास्नीको हक लाग्छ ।

हो, पहिलेका दिनमा महिलाहरू धेरै पिल्सिएका थिए । अन्यायमा परेका होलान । शोषणमा परेका होलान । उनीहरूलाई शोषणबाट मुक्त गराउनुपर्छ । उनीहरूलाई न्याय दिलाउनु पर्छ । त्यसो भनेर पुरुषलाई दबाउनुसम्म दबाउनु हुँदैन । एकजनालाई अधिकार दिंदा अर्कोको अधिकार हनन गर्न दिनु भएन ।

महिला तथा बालबालिका लाई यौन दुर्व्यवहार र बलात्कारबाट बचाउनको लागि कानूनले हदैसम्मको अधिकार दिएको छ । तर अधिकार पाउनेले त्यसको हदैसम्मको दुरुपयोग गरिरहेका छन । सहमतिमा यौन सम्पर्क गरेर पनि पैसाको लोभमा जबरजस्ती करणी मुद्दा चलाईदिन्छ । मागेजति पैसा दिए मिल्ने नदिए हदैसम्मको सजाय दिंदोरहेछ ।

साँझ खाना खाएर ओमशान्तिमा गएर ध्यान बसें । ७.३० मा शिवानीको प्रवचन सुनें । ८ बजे बन्नु भाइजीले मुरली पढेर सुनाउनु भयो ।

आज ८ बजेदेखि १० बजेसम्म लोडसेडिंग हुन्छ । ९ बजे नम्बर लाग्यो । म सुतें ।

ब्राम्हण-क्षेत्रीलाई आदिवासीमा राख्न पाईदैन : *एआइपिपि*

नेपालको ब्राम्हण-क्षेत्री समुदायलाई सरकारले आदिवासीको सुचीमा राख्ने निर्णयप्रति एशिया इण्डिजिनस पिपल प्याक्ट फाउण्डेशन (एआईपिपि) ले आफ्नो ध्यानाकर्षण भएको जनाएको छ ।

फाउण्डेशनका महासचिव जोन कार्लिङ र कार्यकारी दुजः शंकर लिम्बुले संयुक्त विज्ञप्ती निकालेर नेपाल सरकारले आई एल ओ १६९को अन्तर्राष्ट्रिय कानुन विपरित नेपालका खस-आर्य (क्षेत्री, ब्राम्हण, ठकुरी, दशनामी र दलित) लाई आदिवासी सूचीमा सुचिकृत गरेको उल्लेख गरिएको छ ।

सहमतिले स्पष्ट रुपले कुनै समुदायलाई शासक बनाएर आदिवासीहरुको आत्मनिर्णयको अधिकारलाई संविधानमा समावेश नगर्ने प्रयास गरेको उल्लेख गर्दै विज्ञप्तीमा सामाजिक द्वन्द निम्त्याउने निर्णय फिर्ता लिन सरकारसँग माग गरेको छ ।

त्यस्तै एआईपिपिले आई एल ओ १६९ र आदिवासी सम्बन्धी संयुक्त राष्टू संघको घोषणा अनुसार नेपालको आदिवासीहरुले उठाइरहेको जमिन, जंगलमा आफ्नो स्वामित्व र पहिचानको साथै आत्मनिर्णयको अधिकारसहितको संघीय व्यवस्थामा आफ्नो राजनीतिक प्रतिनिधित्व हुनुपर्ने मागप्रतिले ऐक्यवद्धता जनाएको छ ।

बाहुन क्षेत्री आदिवासी होइनन् – *दलित संघर्ष समिति*

संयुक्त राजनीतिक दलित संघर्ष समितिले बाहुन र क्षेत्रीलाई आदिवासी मान्ने सरकारको कथित सहमतिको विरोध गरेको छ । संघर्ष समितिद्वारा जेठ ५ गते जारी विज्ञप्तीमा जेठ ४ गते भएको सहमतिको २ नं बुँदामा दलित समुदायलाई खस आर्य अन्तर्गत आदिवासी जातिमा सूचीकरण गर्ने सहमतिप्रति गम्भीर ध्यानाकर्षण भएको जनाएको हो ।

समितिले आन्तरिम संविधान संयुक्त राष्ट्रसंघ मानवअधिकार परिषद सबै प्रकारका जातीय भेदभाव उन्मूलन सम्बन्धी अन्तर्राष्ट्रिय महासन्धि १९९६ र संविधानसभाको विषयगत समितिबाट दलित समुदायको छुट्टै पहिचान स्वीकार गरिएको र दलित समुदाय थप अधिकार प्राप्तिको लागि आन्दोलनरत रहेको सन्दर्भमा यो सहमतिले दलित समुदायको भावनामा ठेस पुऱ्याएको प्रतिक्रिया दिएको छ । समितिले यस सहमतिमा उल्लेखित खस आर्य समुदायबाट दलितलाई हटाउन समेत माग गरेको छ । यसरी माग गर्नेहरुमा नेपाल राष्ट्रिय मुक्ति मोर्चाका संयोजक तिलक परियार, नेपाल दलित सघका अध्यक्ष खड्गवहादुर बस्याल, नेपाल उत्पीडित जातीय मुक्ति समाजका अध्यक्ष जीतु गौतम, जातीय समता समाजका अध्यक्ष राजेश विश्वकर्मा, नेपाल राष्ट्रिय दलित केन्द्रका अध्यक्ष उपेन्द्र छटुन्जेल, उत्पीडित जातीय उत्थान संघ एकीकृत अध्यक्ष केशवहादुर परियार, नेपाल सदभावना दलित मंचका अध्यक्ष सेवलरा महरा र सभासदहरु जबवहादुर मिजार, कविता कुमारी सरदार र मंगल विश्वकर्मा रहेका छन ।

सम्पादकलाई पत्र

कीर्तिपुरका नेताहरूलाई खुल्ला प्रश्न

सम्पादक ज्यू

संविधानसभाको अन्तिम समय सम्म पनि नेवाः स्वायत्त राज्य मंकाः परिषद् कीर्तिपुरले आफ्नो सक्रियता देखाईयो । नेवाः स्वायत्त राज्यको लागि निरन्तर रुपमा आन्दोलन जारी राखे । तर कीर्तिपुरमा क्रियाशिल राजनीतिक दलका ठूला नेताहरू भने देख्न पाइएन । कुनै पनि कार्यक्रममा सार्वजनिक भएको पाइएन । वास्तवमा कीर्तिपुरमा नेतृत्व गर्ने राजनीतिक दलका नेतारूले संविधान निर्माण जस्तो महत्वपूर्ण समयमा पनि आफ्नो सरोकार नदेखाएको कारण के होला भनी म प्रश्न गर्न चाहन्छु । कतै कीर्तिपुरका नेताहरू पछिल्लो समयमा आएर निराश भएको त हैन भनी टोल टोलमा चर्चा हुन थालेको छ । कीर्तिपुर नगरपालिकाको सवालमा सक्रियता देखाउने तर संविधान निर्माण जस्तो महत्वपूर्ण समयमा सरोकार नदेखाएका कारण कतै कीर्तिपुरका राजनीतिक दलहरू नै निस्क्रिय भएको हो कि हैन ? यदि दलका नेताहरू साच्चै नै कीर्तिपुरवासीलाई राजनीतिक रुपमा पनि सचेत गराउदै अगाडी बढाउन चाहना भएको हो भने आगामी दिनदेखि नेताहरू सार्वजनिक कार्यक्रम आयोजना गरि पछिल्लो राजनीतिक घटनाको विकासक्रमको बारेमा जानकारी गराउनु हुनेछ भनी आशा गर्दछौं ।

–कीर्तिपुरका सचेत एक नागरिक

कुरोले चिउरा भिज्दैन

ब्यंग सन्देश

सरष कुमार महर्जन

'कुरोले चिउरा भिज्दैन' भन्ने उखान नेपाली राजनीतिमा लागु भएको छ । चिउरा भिज्नको लागि पानी चाहिन्छ। दूध चाहिन्छ, दही चाहिन्छ वा अरु झोल पदार्थ चाहिने कुरा सत्य हो । कुरो ठूलठूलो गर्ने तर वास्तवमा कामचाहिं सिन्को नभाँच्ने पाराले नै जेठ १४ नयाँ संविधान नआएको कुरा घाम जतिकै छर्लङ भएको छ । कुरोले नयाँ संविधान पनि आउँदैन । कुरोले शान्ति पनि आउँदैन भन्ने कुरा त सबैले जानेकै कुरा हो तर नेपाली राजनीतिमा कुराले चिउरा भिजाउने, कुरोले संविधान ल्याउने, कुरोले शान्ति ल्याउने ठूलै चेष्टा पनि गरियो । आखिर यो सम्भव छैनन् भन्ने कुरा जेठ १४ को दिनले देखाइदियो । कुराले संविधान आउने भए ६०१ सभासद किन चाहियो ? कुराले नयाँ संविधान आउने भए संविधान बनाउने कार्यतालिका किन चाहियो ? आठ दश जना शीर्ष नेताले नै सबै निर्णय गर्ने भए जम्बो सभासद किन आवश्यक भयो र संविधान पारित गर्न दुई तिहाइ सभासद किन आवश्यक भयो ? यस्ता धेरै प्रश्नहरु छन जुन शीर्ष नेता तथा सभासदहरुले पनि जनतालार्य जवाफ दिनु आवश्यक छ। कुरोले चिउरा भिज्ने भए वा कुराले शान्ति हुने भए एमाओवादीका लडाकुहरुलाई किन नेपाली सेनामा समाहित गरियो र बाकीलाई किन स्वैच्छिक अवकास दिइयो भन्ने कुराहरु पनि उठ्न सक्छन् ।

दुईवर्षमा नयाँ संविधान दिने वचन दिएका दलका नेता तथा सभासदहरुले दुई वर्षसम्म केही नगरी कुरा मात्र गरेर बिताए । दुईवर्षमा नयाँ संविधान दिन नसक्ने अवस्था बनेपछि एकैचोटि फेरि एकवर्ष समय थप्न संविधान नै शंसोधन गर । नेपाली जनताले संविधान लेखन कहाँ पुग्यो भनेर सोध्ने बेलामा संविधान बनाउँदै गरेको कुरा, लेख्दै गरेको कुरा बताउँदै आए । जब थपिएको एकवर्ष पनि सकिन लागे तब फेरि समय पुगेन रे । के के काम बाँकि भयो, अब कति समय चाहिन्छ भन्ने कुनै आंकलन नै नगरी कहिले तीन महिना त कहिले ६ महिना थप्दै चारवर्ष पुऱ्याए। संविधानको मूल विषयहरुमा विवादै विवाद र खेर चारवर्ष बिताए। संघियताको बारेमा दलहरु अनभिज्ञ भए । जातिय वा पहिचानको राज्य विभाजन गर्दा आइपर्ने समस्याहरु अतिनै हलुका ढंगले लिए । सर कार र सत्ता भत्तामा मात्र तल्लिन भई नेपाली जनताको अरबौं खर्चहरु विना उपलब्धि कुम्ल्याए । आखिर जेठ १४ गते नेपाली जनताको हातमा लाग्यो शुन्य । खानेले खाएर सक्याए । लिनेले लिएर पचाए। चढ्नेले चढेर पुगि छाडे । बोल्नेले बोलेर सक्याए । आश्वासन बाड्नेले बाँडेर हिंडे। कोही प्रधानमन्त्री भएर चिउरा भिजाए। कोही मन्त्री भएर, कोही सभासद भएर, कोही सभासदको पासपोर्ट बेचेर, कोही कमिशन र भ्रष्टाचारी भएर चिउरा पचाए। आखिर नेपाली जनतालाई फेरि शुन्यतामा पुऱ्याए।

अब कुराले चिउरा भिजाउन खोज्नेहरुदेखि होशियार हुनुपर्दछ। अब शीर्ष नेता भन्नेहरुदेखि सजक हुनुपर्दछ । अब सभासद हुन खोज्नेहरुदेखि सावधानी हुनुपर्दछ। बेलैमा उनीहरुको हैसियत, योग्यता क्षमतामाथि प्रश्न उठाउनु पर्दछ। उनीहरुको आश्वासनदेखि होशियार हुनुपर्दछ। नेताहरुले आफू बच्नको लागि, चोखो हुनुको लागि, आफू निर्दोष हुनुको लागि कुरो र कूलो कता कता लान खोज्छन्, बुझ्नु पर्दछ । यहाँ त अब नेपाली जनताको जिउँदो शरिरमा जुका जस्तो टाँसेर मन लागे जति घिच्ने भयो । मान्छेको अंगअंगमा बसेर रगत चुस्ने भयो । शरीरको ठाउँ ठाउँमा बसेर मासु खाने भयो । मासु खान नपुगेर हाड समेत चुस्नेभयो । विदेशीको डलरमा मोज गर्नेभयो । नेपालीको पसिनामा तिरेको राजस्वा पसेर खाने भयो । नेपालको विकास निर्माणमा पसेर निल्ने भयो । सभासदहरुका आफ्नो मृत्यु ठूला नेताहरुका कारण बनियो। वा कुरा ले चिउरा भिजाउनेले मोज गर्ने भयो, आलिशान महल बनाउने भयो । तातो पानी, चिसो पानी, एसि, विसि र शीशीमा रमाउने भयो । जातीजाती लडाउने भयो। अधिकार को झगडा गराइ वीचमा बसी हाँस्ने भयो । त्यसैले कुरोले चिउरा भिजाउनेहरु देखि सतर्क हुनुपर्दछ।

त्यसैले यो चेतना अवस्य हुनुपर्दछ। संविधान बनाउन बेलैमा काम गर्नुपर्दछ। बेलैमा जनतासँग छलफल गर्नु पर्दछ। समयमा नै जनताको चाहना बुझ्नु पर्दछ । समयमा नै परिस्थितिको विश्लेषण गर्नुपर्दछ । त्यसैले मलाई भन्न मनलाग्छ । विद्वानले भविष्यको विचार गर्छ भने नेता निर्वाचनमा आफू जित्ने दाऊ मात्र खोज्छ । नेपालको अदूरदृष्टिका नेताहरुको हविगत यस्तै भएको छ ।

प्रचण्ड निवासमा कीर्तिपुरवासीको डेलिगेशन

संविधान निर्माणको अन्तिम दिन जेठ १३ गते विहान सवेरै नेवाः स्वायत्त राज्य मंकाः परिषद कीर्तिपुरका पदाधिकारी एवं सदस्यहरू एकीकृत माओवादीका अध्यक्ष प्रचण्ड निवास लाजिम्पाटमा डेलिगेशन गएका थिए । प्रचण्ड कीर्तिपुर क्षेत्रवाट निर्वाचित सभासद् भएका कारण कीर्तिपुरवासीले संविधान निर्माणको अन्तिम समयमा सरोकार देखाउनुपर्ने भएकाले कीर्तिपुरवासीको तर्फवाट डेलिगेशन गएको थियो । जातीय पहिचानको अधारमा राज्य पुनर्संरचना गर्नु पर्ने अन्यथा कीर्तिपुरवासीलाई मान्य नहुने कुरा प्रचण्डको अगाडी परिषद्का सदस्यहरूले राखेका थिए । सो क्रममा माओवादीका अध्यक्ष प्रचण्डले कुनै पनि हालतमा आफ्नो पार्टीले पहिचानलाई नछोड्ने प्रतिबद्धता व्यक्त गरेका थिए ।

सो डेलिगेशनमा मंकाः परिषद्का सल्लाहकार एवं सभासद् दिलिप महर्जन, अध्यक्ष मण्डलका संयोजक पञ्चलाल महर्जन, अध्यक्ष मण्डलका सदस्यहरू नजरराम महर्जन, कृष्णहरी महर्जन, सचिव श्रीकृष्ण महर्जन, सदस्यहरू सुनिता महर्जन, केशरत्न बज्राचार्य, अष्टमान महर्जन, सिजन महर्जन, विनोदलाल महर्जन, नरेश नापित र अमृत महर्जन सहभागी भएका थिए ।

संविधान सभा घेराउ कार्यक्रममा कीर्तिपुरवासीको सक्रिय सहभागिता

कीर्तिपुर सन्देश /

जातिय पहिचान सहितको संविधानको माग गर्दै आदिवासी जनजाति संघर्ष समितिले आव्हान गरेको तीनदिने नेपाल वन्द कार्यक्रममा सक्रिय भाग लिएको नेवाः स्वायत्त राज्य मंकाः परिषद कीर्तिपुरले संविधानसभा घेराउ कार्यक्रममा पनि सक्रिय भाग लिएका थिए ।

जेठ १३ गते १ बजेदेखि संविधानसभा भवन बानेश्वरको दक्षिण पश्चिम कृष्ण सदनतिरको भागमा मगरात, किराँत र नेवाःको धर्ना कार्यक्रम रहेको थियो । सो कार्यक्रममा नेवाः स्वायत्त राज्य मंकाः परिषद् कीर्तिपुरको नेतृत्वमा उल्लेखनिय रुपमा कीर्तिपुरवासीहरू सहभागी भएका थिए । धर्नादिने क्रममा नेवाः स्वायत्त राज्य मंकाः परिषद् कीर्तिपुर अध्यक्ष मण्डलका सदस्य कृष्णहरी महर्जनले नेवाः स्वायत्त राज्य प्राप्त नभए सम्म आन्दोलन जारी राख्नुपर्ने बताउनु भएको थियो । सो धर्ना काक्रममा सहभागी हुनका लागि मंकाः परिषद्ले विहान लोकतान्त्रिक चोकदेखि नारा जुलुस सहित कीर्तिपुर, पाँगा र नगर परिक्रमा गरेको थियो भने कीर्तिपुरको बाघभैरव स्थानमा पुगेपछि कोणसभामा परिणत भएको थियो । सो कोणसभामा मंकाः परिषद्का पूर्व अध्यक्ष वीरप्रसाद भन्सारीले बोल्नु भएको थियो । नेवाः मंकाः परिषद् कीर्तिपुरको आह्वानमा कीर्तिपुरवासी जेठ १४ गते पनि संविधानसभा घेराउ कार्यक्रममा सहभागीता जनाएका थिए ।

संविधानसभा घेराउको क्रममा बोल्दै मंकाः परिषद् अध्यक्ष मण्डलका सदस्य कृष्णहरी महर्जन र सहभागी कीर्तिपुरवासी



उपन्यासकार नजरराम महर्जनया न्हयगूगु (७ औं) नेपालभाषाया उपन्यास "व सु" याकनं पिदनेत्यंगु दु । लंच्वनादिसँ

हरेक अंक विशेष अंक

कीर्तिपुर सँन्देश साप्ताहिक

'कीर्तिपुरका हरेक विषय, तपाईको विज्ञापन, सुचना, सन्देश विश्वभरी पुऱ्याउने हाम्रो अभियानमा सहभागी बनौं'